यौन दुराचार
जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट
सजग र सचेत रहौं,
आफु पनि बचौं र अरुलाई
पनि बचाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


# बुद्ध दर्पण
राष्ट्रिय दैनिक
The Buddha Darpan National Daily





वर्ष ९ अंक १०७ | १९ कार्तिक २०८० आइतबार | 5 Novemer 2023 Sunday | पृष्ठ : ४ | मूल्य : ५ रुपैयाँ

# भूकम्पमा १५७ जनाको मृत्यु, १९७ घाइते



काठमाडौं १८ कात्तिक

भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिममा गरी हालसम्म एक सय ५७ जनाको मृत्यु भएको छ । भूकम्पबाट हालसम्म दुवै जिल्लामा गरी एक सय ९७ जना घाइते भएका छन् ।

सशस्त्र प्रहरी बल केन्द्रीय कार्यालयका प्रहरी नायव उपरीक्षक शैलेन्द्र थापाका अनुसार भूकम्पका कारण जाजरकोटमा एक सय ५ जनाको तथा रुकुम पश्चिममा ५२ जनाको मृत्यु भएको छ।

यसै गरी भूकम्पबाट जाजरकोटमा एक सय ५, रुकुम पश्चिममा ८५, दैलेख र बैतडीमा तीन/तीन तथा रोल्पामा एक जना घाइते भएका छन् । घाइतेलाई उपचारका लागि नेपाली सेनाको हेलिकप्टरबाट नेपालगन्ज, काठमाडौँ तथा अन्य ठाउँमा ल्याउने क्रम जारी छ।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल भूकम्प प्रभावितको उद्धार तथा राहतमा जुटेको छ। प्रभावित क्षेत्रमा यसका लागि एक हजार पाँच सयभन्दा बढी सुरक्षाकर्मी परिचालन गरिएको छ।

भूकम्प प्रभावित क्षेत्रमा नेपाली सेनाले उद्धार तथा राहतका लागि पाँचवटा हेलिकप्टर तथा जहाजको प्रयोग गरिएको नेपाली सेनाका प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले जानकारी दिए।

गए राति ११:४७ बजे जाजरकोटको बारेकोट गाउँपालिका-१, रामीडाँडा केन्द्र विन्दु भइ ६ दशमलव ४ रेक्टरस्केलको भूकम्प गएको थियो । भूकम्पबाट जाजरकोट र रुकुम पश्चिममा ठूलो धनजनको क्षति भएको छ।

## लुम्बिनी प्रदेश सरकार : भुकम्प प्रभावितको कोषमा डेढ करोड



रुपन्देही १८ कात्तिक

लुम्बिनी प्रदेश सरकारले भूकम्प प्रभावित क्षेत्रका लागि डेढ करोड सहयोग गर्ने भएको छ।

शनिवार तुलसीपुरमा बसेको प्रदेश सरकार मन्त्रिपरिषद्को बैठकले डेढ करोड सहयोग गर्ने निर्णय गरेको अर्थमन्त्री धनबहादुर मास्कीले बताए।

प्रदेश सरकारले गृहमन्त्री सन्तोष पाण्डेको नेतृत्वमा प्रभावित जिल्लामा टोली पठाउने निर्णयसमेत गरेको छ।

लुम्बिनीले यसअघि राप्ती प्रादेशिक अस्पताल तुलसीपुरका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. पदमराज अधिकारीको नेतृत्वमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य सामग्री पठाइसकेको छ।

यसैगरी बाँकेका विभिन्न अस्पतालमा घाइतेका लागि उपचारको व्यवस्थापन गर्नुका साथै बुटवलको लुम्बिनीको प्रादेशिक अस्पतालबाट मेडिकल टीम घटनास्थल पठाइएको छ।

प्रदेशका विभिन्न स्थानीय सरकारले पनि राहत घोषणा गर्दै त्यसतर्फ लागेका छन्।

# पुर्न:स्थापना र घाइतेको उपचारमा सरकार गम्भीर : प्रधानमन्त्री दाहाल




काठमाण्डौ १८ कात्तिक

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले भूकम्पपीडितलाई राहत, पुनःस्थापना र घाइतेको उपचारमा सरकार गम्भीर रहेको बताउनुभएको छ । नेपालगञ्ज विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्नुहुँदै प्रधानमन्त्री प्रचण्डले भूकम्प प्रभावितको उद्धार, राहत र पुनःस्थापनाका लागि सहकार्य र हातेमालोका लागि सम्पूर्ण राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाजल गायत सबैलाई अपिल गर्नुभयो । उहाले भविष्यमा हुन सक्ने प्राकृतिक प्रकोप प्रति सरकार सजक र आवश्यक तयारीमा रहेको जिकिर गर्नुभयो। उहाले उद्धारका साथै घाइतेको उपचारको कमी हुन नदिने बताउनुभयो । प्रधानमन्त्री प्रचण्डले भूकम्पपीडितलाई राहतका लागि आवश्यक निर्णय आइतबार बिहान मन्त्रिपरिषद् बैठक बोलाइएको जिकिर गर्नुभयो।

प्रधानमन्त्री प्रचण्डले भूकम्पबाट भएको क्षतिको स्थलगत अनुगमनका साथै घाइतेको उद्धारका लागि आफू चढेर गएको नेपाली सेनाको हेलिकोप्टरमार्फत घाइतेका उद्धार गर्नुभएको थियो।

सरकारले भूकम्प प्रभावित जिल्लाका कर्मचारीहरुलाई केही दिन बिदामा नबस्न निर्देशन दिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एक विज्ञप्ति जारी गर्दै भूकम्प प्रभावित जिल्लाका पालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृतसहित अन्य कर्मचारीहरुलाई तत्काल बिदामा नबस्न निर्देशन दिएको हो। बिदामा भएका कर्मचारीलाई पनि यथाशीघ्र आफ्नो कार्यालयमा हाजिर भइ कामकाजमा खट्न मन्त्रालयले निर्देशन दिएको छ । मन्त्रालयले भूकम्पमा परी ज्यान गुमाएका व्यक्तिहरुको खोजी तथा पहिचान, घाइतेहरुको राहत तथा उद्धार, स्वास्थ्य उपचार सहित अन्य सबै पक्षहरुको व्यवस्थापनमा खटिन पालिकाका कर्मचारी तथा पदाधिकारीलाई अनुरोध समेत गरेको छ।

# भूकम्प प्रभावित क्षेत्रमा एमाले उपमहासचिव नेतृत्वको केन्द्रीय टोली

काठमाडौं १८ कात्तिक

नेकपा एमालेका उपमहासचिव विष्णु रिमाल नेतृत्वको केन्द्रीय टोली भूकम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिम पुगेको छ।

पार्टीले आयोजना गर्ने अभियानको तयारीको क्रममा सुदुरपश्चिम प्रदेश हुँदै कर्णाली प्रदेश आइपुगेपछि भूकम्प गएकोले उपमहासचिव रिमाल नेतृत्वको टोली अन्य काम स्थगन गरेर आज जाजरकोट पुगेको हो।



जाजरकोट पुगेर रिमालसहितका नेताहरुले भूकम्पमा परी जाजरकोट जिल्ला अस्पतालमा उपचार गराइरहनुभएका घाइतेहरूलाई भेटी स्वास्थ्यलाभको कामना गर्नुभएको छ।

उपमहासचिव रिमालले जाजरकोट जिल्लास्थित एमालेको पार्टी पंक्तिलाई सम्पूर्ण ध्यान प्रभावित जनतालाई राहत र सहयोग गर्नमा केन्द्रित गर्न निर्देशन दिनुभयो । यसैगरी उहाँले रुकुम पश्चिमका एमाले नेताहरुलाई भेटेरसहयोगमा खट्न निर्देशन दिनुभएको टोलीमा सहभागी केन्द्रीय सदस्य बिष्णु रिजालले जानकारी दिनुभयो।

यसअघि नै अनेरास्वबियुले जाजरकोट र रुकुम पश्चिममा चिकित्सकसहित स्वास्थ्यकर्मीको टोली पठाएको छ। टोलीमा केन्द्रीय कमिटी सचिव डा. सुजन कडरिया र सञ्जीव धितालको नेतृत्वमा आओएम स्वबियु सभापति डा. आनन्द सिंह र एनएमएसएमा आवद्ध रहेका स्वास्थ्यकर्मी रहेका छन।

# लुम्बिनी प्रादेशिक अस्पतालको टोली भुकम्प प्रभावित क्षेत्रमा




बुटवल १८ कात्तिक

लुम्बिनी प्रादेशिक अस्पताल बुटवलको टोली भूकम्प प्रभावित क्षेत्रतर्फ प्रस्थान गरेको छ।

मानवीय क्षति न्यूनीकरण तथा त्यहाँको स्वास्थ्य उपचारलाई सहज बनाउने उद्देश्यले डाक्टरसहितको टोली औषधि लिएर त्यसतर्फ प्रस्थान गरेको लुम्बिनी प्रादेशिक अस्पतालका मेडिकल सुपरिटेन्डेन डा। सुदर्शन थापाले जानकारी दिए।

भूकम्पमा परी घाइते भएकाहरूको उपचारका लागि अस्पतालमा बिरामी ल्याउनुपर्ने अवस्था आएको खण्डमा समेत सोही अनुसारको तयारी गरिएको मेसु डा. थापाले जानकारी दिए।

अस्पतालका एमडीजीपी डा. सुनिल सुनारको नेतृत्वमा ६ जनाको टोली भूकम्प प्रभावित क्षेत्रतर्फ प्रस्थान गरेको हो।

भूकम्पमा परी हालसम्म १२८ जनाको मृत्यु भएको कर्णाली प्रदेश प्रहरीले जनाएको छ।

१०८ जना घाइतेलाई उद्धार गरी विभिन्न अस्पतालमा उपचारका लागि लगिएको प्रहरीले जनाएको छ।

# विप्लव नेतृत्वको नेकपाले १ लाख र २५ क्वीन्टल चामल राहत कोषमा

रूपन्देही १८ कात्तिक

विप्लव नेतृत्वको नेकपा कम्युनिस्ट पार्टीले भूकम्प प्रभावित क्षेत्रमा राहत तथा उद्धारका लागि पार्टीका केन्द्रीय उत्पादनबाट २५ क्वीन्टल चामल र १ लाख रुपैयाँ रकम सहयोग गर्ने भएको छ।

महासचिव नेत्रविक्रम चन्द विप्लवको अध्यक्षतामा शनिबार काठमाडौंमा उपलब्ध केन्द्रीय समितिको बैठकले यस्तो निर्णय गरेको हो।

बैठकले शनिवार दिउँसो १२ बजेबाट काठमाडौ,भक्तपुर र ललितपुरबाट राहत संकलन गरी जाजरकोट र रुकुम पठाउने तयारी गरिरहेको सो पार्टीका नेता प्रकाश डुम्रेले जानकारी दिए।



## सम्पादकीय

# भूकम्प, क्षति र गति

अस्ती शुक्रबार राती ११.४७ बजे ६.४ रेक्टरको भूकम्प गयो जाजरकोटको रामीडाँडामा । राम्ररी हल्लायो यता पनि । भूकम्पले आसपासका क्षेत्रमा करिव १ सय ४० जनाको ज्यान लगेको, २ सय जना घाइते बनाएको र सयौं गाउँका हजारौं घर भत्काएर ध्वस्त पारेका खबर आए हिजो दिनभरि । सामाजिक सञ्जालभरि मृतकप्रति श्रद्धाञ्जलि र समवेदना तथा घाइतेको उपचार, अशक्तको उद्दार र राहत एवं उपकारका कुरा गरिए धेरै । हिजो विहानै प्रधानमन्त्री आफ्ना आसेपासे नलगेर चिकित्सकको टोली सहित प्राथमिक उपचारका लागि आवश्यक पर्ने औषधि लिएर घटनास्थलमा पुगेछन् । सरकारी र निजी तहबाट उद्दार, उपकार र राहतका पहल भैरहेका छन् । काम भन्दा बढी हल्लाखल्ला गर्ने बानी छ नेपालीमा । गरियो यसपटक पनि - प्रधानमन्त्री आफै हतारिएर दौडनुभन्दा उद्दार र उपचार गर्नेहरुलाई पठाउनु उचित हुन्थ्यो भनेको सुनियो । प्रकोप पर्यटन गर्नेहरुलाई यसरी समयमै सावधानी अपनाउन सचेत पारिएको छ । यति हुँदाहुँदै पनि मन्त्रीहरुका लस्कर हेलिकोप्टरमा उडेर घटनास्थलमा जाँदा राम्रो सन्देश जाने छैन । यसर्थ सञ्जालमा आएका दुईवटा सुझाव यहाँ प्रस्तुत गरियो ।

-प्रधानमन्त्री, मन्त्री र पार्टी अध्यक्षज्यहरुलाई विनम्र अनुरोध - हजुरहरु भुकम्प क्षेत्रमा जान प्रयोग गर्ने हेलिकोप्टर र खर्च हामीलाई दिनुहोस् हामी प्रभावित क्षेत्रमा गेक सेवा दिन्छौं । हामी हाल सिमीकोटतिर जाँदैछौं - डा.सुधांशु केसी

-यसलाई अन्यथा नलिइयोस् । अकस्मात पर्न गएको प्राकृतिक प्रकोपबाट धनजनको क्षतिका कारण दुर्लभ राष्ट्रिय धन आज कर्णालीलाई आवश्यक छ । राष्ट्रपतिको अराजकीय युरोपयात्रामा लाग्ने खर्च यता पीडितको काम लगाए राष्ट्रिय धर्म पालना गरेको अनुभव हुने थियो । आगे जो आज्ञा - भुषण दाहाल ।

अरु पनि सुझाव मननीय थिए । 'उद्दार र राहतका सामग्रीहरु पहुँचवालाले पाउने, अनि पीडितले नपाउने नहोस्' भन्ने जस्ता जायज । राहत र उद्दारका लागि सेना र पुलिस सहित दल दलका टोलीहरु पुगेका वा पठाइएका खबर बग्रेल्ती नै आएका छन् । कतिले काम गरेर कतिले बदनामी कमाए विस्तारै थाहा हुने छ । हुन त भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पनि सहयोग गर्न तयार रहेको खबर आएको छ । आउला अब चिन र अमेरिकातिरबाट पनि । विदेशबाट आउने राम्रा र बलिया खालका पाल, कम्बल सहित अरु सामग्रीहरु पहुँचवाला सहित उद्दार र उपकारमै खटिएका टोलीले पहिले आफुहरुले बाँडेर लिएर कमसल मात्रै दिने काम नगरुन् ०७२ सालको भूकम्पमा जस्तै । यसपटक अलि बढी निगरानी गरिनु पर्ने देखिन्छ जनस्तरबाट । नागरिक निगरानी समूहहरु पनि प्रहरी, प्रशासन, सेना र दलका दलालहरुका हातमा छ । तर स्वतन्त्र र स्वाधीन खालका मान्छेको अभाव छैन । आज गुपचुपमा भित्रभित्रै बदमासी गरे पनि भोलि त खुल्ने नै छ । सेटिङ् मिलाएर खाने बदमासहरु अलि सतर्क होउन् र सवैले इमान्दारी देखाउन् । नत्र पाउनु भन्दा गुमाउनु अर्थात् धेरै बदनाम हुनु पर्ने छ । समय र समाज ०७२ सालको जस्तो छैन । आज बँचे पनि भोलि उम्कन सकिदैन । टोपबहादुर रायमाझी र बालकृष्ण खाँण जस्ता त बँचेनन् !

# स्वास्थ्यमा काम कम, स्टन्टबाजी बढी






प्रा.डा. ढुण्डीराज पौडेल

अग्रलेख

**अल्पकालीन या क्षणिक काम तथा लोकप्रिय नारा या अभिव्यक्तिमार्फत प्रकट हुने 'स्टन्टबाजी'ले जनताको स्वास्थ्यमा सुधार ल्याउन सक्दैन**

स्वास्थ्यमा काम कम, स्टन्टबाजी बढी

अल्पकालीन या क्षणिक काम तथा लोकप्रिय नारा या अभिव्यक्तिमार्फत प्रकट हुने 'स्टन्टबाजी'ले जनताको स्वास्थ्यमा सुधार ल्याउन सक्दैन

संसारभर नै राजनीतिक या राजकीय क्षेत्रमा स्टन्टबाजी हुने गर्छन्। तर, नेपालमा भने गैरराजनीतिक, निजी एवं सार्वजनिक क्षेत्रमा पनि स्टन्टबाजीको सहारा लिने गरिएको छ। यस्ता स्टन्टबाजी अल्पकालीन या क्षणिक कर्मदेखि नारा या अभिव्यक्तिमार्फत प्रकट हुने गर्छन्। तर, अल्पकालीन या क्षणिक काम तथा लोकप्रिय नारा या अभिव्यक्तिमार्फत प्रकट हुने 'स्टन्टबाजी'ले जनताको स्वास्थ्यमा सुधार ल्याउन सक्दैन।

सबैभन्दा उदेकलाग्दो कुरा त निजी क्षेत्र मात्रै होइन, सार्वजनिक चिकित्सा क्षेत्रका जिम्मेवारसमेत स्टन्टबाजी गर्न पुग्छन्। उदाहरणका रूपमा हाम्रा अधिकांश स्वास्थ्यमन्त्री पदवहालीसँगै घोषणा गर्छन्– पैसाको अभावमा कोही गरिब उपचारबाट वञ्चित हुनुपर्नेछैन। जब कि हजारौँ युवा विदेश पलायन हुनुको मुख्य कारण नै आफन्तको उपचार खर्चको जोहो गर्न या लागेको ऋण तिर्नकै लागि हो भन्ने तथ्य अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान कक्षमा लाम लागेका युवालाई सोधे पुष्टि हुन्छ।

नेपालमा महँगो उपचार पद्धतिका कारण बर्सेनि गरिबहरूको संख्या वृद्धि भइरहेको तथ्य सरकारी संयन्त्रबाटै पुष्टि भइरहेको छ। सन् २०२० मा फैलिएको कोभिड-१९ माहामारीका क्रममा फगत अक्सिजन थेरापीकै लागि मात्र पनि कैयौँको लाखौँ खर्च भयो। यसले पनि गरिबी बढायो। सरकारी अस्पतालमा उपचार हुन नसकी अलपत्र परेकादेखि घरखेतले पनि निजी क्षेत्रमा लागेको महँगो उपचार खर्च पुर्‍याउन नसकेर इन्तु न चिन्तु अवस्थामा रहेका बिरामी र तिनका आफन्तको दुर्दशा हेरे पुग्छ। आणुवंशिक कारणले एउटै गरिब परिवारका बच्चासमेत मुटु, मिर्गौला, कलेजोजस्ता जन्मजात रोगले थलिएर अकाल मृत्यु कुरिरहेकादेखि जन्मजात बहिरोपन भएका दसौँ हजार उदाहरण छन्।

नेपालका केही उच्चस्तरीय पार्टी नेता सरकारको करोडौँ खर्चमा एयर एम्बुलेन्समा विदेश पुगेर न्युमोनियाको उपचार, प्रत्यारोपण सर्जरीदेखि स्वदेशमै विदेशी विज्ञलाई बोलाएर सोही सेवा लिई आरोग्यता हासिल गर्दै आएका छन्। तर, स्वदेशमा अनेकौँ राजनीतिक हस्तक्षेप, पूर्वाग्रह र पक्षपातका कारण केही दशकअघिदेखि निर्बाध सञ्चालन भइरहनुपर्ने अंग प्रत्यारोपण केही अस्पतालमा मात्रै नियमित छ। हजारौँ युवासमेत मिर्गौला प्रत्यारोपणको पर्खाइमा छन् भने अरबको मरुभूमिमा पानी पिउन नपाएका कारण मिर्गौला गुमाउनेको संख्या थपिँदो छ।

सरकारी अकर्मण्यता, व्याप्त भ्रष्टाचार र कमिसनका कारण सार्वजनिक अस्पतालमा क्यान्सर उपचारमा प्रयुक्त रेडियोथेरापी सेवाको अभाव छ, निजीमा लाग्ने महँगो खर्चमा बिमा या आर्थिक सहायताले भरथेग गर्न सक्दैन। क्यान्सरको किमोथेरापी र मुटुसम्बन्धी औषधिमा हुने गरेको कमिसन र अस्वाभाविक मुनाफाले बिरामीले चर्को मूल्य तिर्नुपर्छ। त्यति मात्रै होइन, आर्थिक लाभका लागि 'प्रेस्क्राइब' गरिने अनावश्यक महँगा भिटामिन एवं 'सप्लिमेन्ट'ले बिरामीको चरम शोषण हुने गरेको छ।

तीन करोड नेपालीको स्वास्थ्यको जिम्मेवारी बोकेको स्वास्थ्य मन्त्रालयको राजनीतिक नेतृत्वले सस्तो र तात्कालिक लोकप्रियताका लागि नभई दीर्घकालीन ठोस सुधारमा योगदान दिनुपर्छ

यसरी अनेकौँ कमजोरी, बेथिति र चुनौतीले ग्रस्त स्वास्थ्यको जिम्मेवारी विगतमा पनि प्रवृत्तिगत रूपमा जुझारु र खरो प्रतीत हुने नेताले सम्हालेका छन्। उनले पनि पूर्ववर्तीले झैँ पटक-पटक घोषणा गरेका छन्– कुनै पनि गरिबले पैसाको अभावमा उपचारबाट वञ्चित हुनुपर्नेछैन। उनको यो पटक-पटकको अभिव्यक्ति फगत स्टन्टबाजी नठहरिन अस्पतालको सेवामा सुधार ल्याउन आफूले सम्हालेको मन्त्रालयलाई नै क्रियाशील र सक्षम बनाउनुको विकल्प छैन। हेक्का रहोस्, आफ्नो कार्यकालमा सुधारको सिन्को नभाँच्ने मन्त्रीले पनि पदबहालीसँगै यस्तै अभिव्यक्ति प्रकट गर्दै आएका छन्। स्वास्थ्यको नेतृत्वमा, विगतमा स्वयंको उपचारमा भिआइपी सुविधा प्राप्त गर्न र उद्घाटनबाहेक सेवा सुधारमा पूरै बेवास्ता गर्ने र सार्वजनिक अस्पतालमा बिरलै खुट्टा टेक्नेहरू पनि पुगे। कुनै मन्त्रीले त हाकाहाकी अस्पताल प्रमुखसँग रकम माग्थे भन्ने पनि सुनिन्थ्यो।

तर, केही भूपू स्वास्थ्यमन्त्रीले ऐतिहासिक रूपमा उल्लेख्य काम पनि गरेका छन्। ती पूर्ववर्तीमध्ये वर्तमान स्वास्थ्यमन्त्रीकै पार्टीभित्रका प्रतिस्पर्धी युवा नेताको केही महिनाको कार्यकालमा केन्द्रका वीरदेखि मोफसलका अस्पतालसम्म अर्बौंका भौतिक पूर्वाधार, उपकरण, उपचार सेवा, बिमा, निःशुल्क औषधि, डायलाइसिस, विपन्न सेवा, भिआइपी उपचारको नियमनजस्ता सवालमा ठोस उपलब्धि हासिल भएकै हुन्। सक्षमता र वरिष्ठताका आधारमा जिम्मेवारी, नियुक्ति, चिकित्सक एवं स्वास्थ्य मन्त्रालयको स्थायी संयन्त्रभित्रको जनशक्तिको उपयुक्त र निर्मम परिचालन बाँकी नै रहे पनि अन्य धेरै सवालमा उनले सुरु गरेका सुधारले निरन्तरता पाएको भए मुलुकको स्वास्थ्य सेवाले काँचुली फेर्न सक्थ्यो। तर, उनीपछिको नेतृत्वका कारण स्वास्थ्य मन्त्रालय दुर्भाग्यपूर्ण अवस्थामा गुज्रिँदो छ।

वर्तमान स्वास्थ्यमन्त्रीले प्रकट गरेका प्रतिबद्धतामा खरो उत्रन असाध्य र आकस्मिक रोग लागेका आर्थिक रूपमा विपन्न बिरामीले उद्धार र उपचारका लागि मन्त्रालयमार्फत व्यवस्था मिलाउने सरकारी घोषणा गर्दै त्यसका लागि मन्त्रालयमा चौबीसै घन्टा क्रियाशील संयन्त्रको आकस्मिक टेलिफोन नम्बर जारी गर्न सक्छन्। वास्तवमा संविधानअनुसार नै यो व्यवस्था हुनुपर्ने हो।

उनले मन्त्री पदको जिम्मेवारी सम्हालेसँगै घोषणा गरेअनुसार, औषधि, उपकरण आदि खरिदमा भएको गुणस्तरहीनता, चरम भ्रष्टाचार र मूल्यबारे छानबिन गर्न सक्छन्। मन्त्रालयमा वर्षौंदेखि व्याप्त सीमित स्वार्थकेन्द्रको कब्जा हटाउन सक्छन्। स्थायी संयन्त्रलाई जिम्मेवार र सक्षम बनाउन सक्नुपर्छ। त्यति मात्रै होइन, केन्द्रीयदेखि मोफसलका अस्पतालका विभिन्न विभागमा खरिद गरिएका महँगा उपकरणको उपयोग र अवस्थाबारे निरीक्षण र छानबिन गर्न गराउन सक्छन्।

वर्तमान स्वास्थ्यमन्त्रीको राजधानी एवं मोफसलका सार्वजनिक एवं निजी अस्पतालको स्थलगत भ्रमण, सेवाबाट वञ्चित सेवाग्राहीसँगको अन्तर्क्रिया , सक्रियता र निर्देशनको सार्थकता उनको पालामा हासिल हुने ठोस सुधारमा निहित हुन्छ।

अस्पताल भवनहरू निर्माण हुँदैमा सेवा सञ्चालन हुन सक्दो रहेनछ भन्ने उदाहरण काठमाडौंको वीरदेखि धनगढी गेटाको सात सय शय्या क्षमताको अस्पताल भवनले देखाउँछ। अस्पताल भवनसँगै पूर्णकालीन उत्प्रेरित विशेषज्ञसहितका जनशक्ति र उपकरणको व्यवस्थापनबाट मात्रै सेवा प्रदान गर्न सकिन्छ। स्वास्थ्यमन्त्रीले बुझ्नुपर्छ, जनशक्ति र सेवाको परिणाम त सेवाग्राहीको चाप र रोगको प्रकोपअनुसार निर्क्योल हुनुपर्छ।

जब चिकित्सकहरू न्यून पारिश्रमिकका कारण बाध्य भई या आर्थिक उपार्जनको चाहनाका कारण निजी व्यवसायमा संलग्न हुन थाले अनि सार्वजनिक चिकित्सा सेवामा नकारात्मकता पैदा भए, अनेकन् बेथिति पैदा भए। वीरजस्ता अस्पताल पछि पर्दै गएका हुन्। नेपालमा निजी क्षेत्रमा ख्यातिप्राप्त केही सफल चिकित्सकले निजी क्षेत्रमा आबद्ध भएर पनि गरिब र निमुखाप्रति अत्यन्तै संवेदनशील विश्वमै प्रख्यात नारायण हृदयालयका मुटु शल्य चिकित्सक डा. सेट्टीबाट प्रेरणा लिन सक्नुपर्छ।

सेवामा आधुनिकीकरण : चिकित्सा क्षेत्रका विभिन्न वैज्ञानिक अनुसन्धान एवं खोजले उपचार पद्धतिमा नयाँ एवं आधुनिक प्रविधिगत आयाम थपिएका छन्। ती प्रविधिले असाध्य रोगका कारण हुने गरेका अकाल मृत्युबाट मानिसलाई जोगाएका छन्। बिशेषगरी मुटु, रक्तनली, मिर्गौला, कलेजोजस्ता अंग या भागको प्रत्यारोपण, आरोपण, क्लिपिंग, मार्ग परिवर्तन आदिदेखि धनी-गरिब सबैलाई लाग्ने विभिन्न प्रकारका क्यान्सरको उपचारमा प्रयुक्त रेडियोथेरापी, किमोथेरापी, जिन थेरापी, मलिक्युल थेरापीजस्ता आधुनिक उपचारपद्धति निकै महँगा हुन्छन्। आर्थिक रूपमा सम्पन्न हुनेले त उपचाबाट आरोग्यता हासिल गर्लान्, तर न्यून या मध्यम आर्थिक अवस्था भएका बिरामीले आफ्नो उपचार कसरी गराउलान् खोइ ?

एकातिर चिकित्सा सेवामा विकसित आधुनिक उपचार प्रविधि सहज बनाउनुपर्ने आवश्यकता छ भने अर्कातिर पुरानै उपचार पद्धति पनि सर्वसुलभ र सहज हुन सकेका छैनन्। अझै पनि यदाकदा हैजाजस्ता पानीजन्य रोग र लामखुट्टेको टोकाइबाट लाग्ने डेंगुजस्ता संक्रामक रोग मौसमी माहामारीका रूपमा फैलिने गरेका छन् भने सरकारी अकर्मण्यता एवं उपचारमा लापरबाही हुँदा अर्बौं डलर खर्च भएको क्षयरोग नियन्त्रण पनि प्रभावी हुन सकेको छैन।आंशिक र अपूरो उपचारका कारण क्षयरोगका कीटाणुले बहुऔषधि प्रतिरोध क्षमता विकसित गर्दा यसका कारण पनि बर्सेनि १७ हजारको मृत्यु हुनु दुःखद हो।

आकस्मिक अवस्थामा उद्धार र उपचार : राष्ट्रपति उद्धार कार्यक्रमअनुसार जटिल प्रसूतिको हवाई उद्धारको व्यवस्था भए पनि त्यो आंशिक र महँगो छ। कम्तीमा विशेषज्ञ सेवा विस्तार र पहुँच नहुँदासम्म यस्ता हवाई उद्धारले मात्र अकाल मृत्युलाई रोक्न सकिन्न। प्रसूतिबाहेक तत्काल शल्यक्रिया एवं अन्य उपचार हुन नसके अपांग या अकालमा ज्यान गुमाउनुपर्ने अवस्था जस्तो हड्डी एवं ढाडको चोटपटक, आन्द्रा बटारिएको या फुटेको, जलन, कानको जटिलता, विभिन्न वस्तु अड्किएको, तत्काल मुत्र प्रवाह नखुलेर मिर्गौलालाई क्षतिग्रस्त हुने अवस्था, रक्त क्यान्सर, मुटु एवं रक्तनलीको अवरुद्धता, मस्तिष्काघातजस्ता रोगबाट ग्रस्त न्यून आर्थिक अवस्था भएका नागरिकलाई फगत एक लाखको आर्थिक सहयोगले कुनै अर्थ राख्दैन। संविधानले नै निर्दिष्ट गरेको अनिवार्य आकस्मिक सेवाको सरकारले सुनिश्चितता गर्नैपर्छ।

आर्थिक व्यवस्थापन कसरी ? : वर्तमान स्वास्थ्यमन्त्रीले भनेजस्तो सुर्तीजन्य वस्तुको करले मात्रै उल्लेखित सेवामा सुधार सम्भव छैन। चिकित्सकलाई अधिकतम समय सरकारी अस्पतालमा शल्यक्रियासहितको सेवामा संलग्न राख्न सरकार एवं मन्त्रालयको निर्णयअनुसार 'एक चिकित्सक एक संस्था'लाई लागू गर्न आवश्यक बजेटको व्यवस्था गर्नैपर्छ।

त्यसबाहेक विपन्नलाई आकस्मिक एवं अन्य सेवा निःशुल्क प्रदान गर्न, बिमालाई अनिवार्य बनाउन अहिलेजस्तो न्यूनतम रकम पर्याप्त छैन।

एकातिर कुल वार्षिक बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्यमा छुट्याउनुपर्ने नियमलाई पालना गरिएको छैन भने छुट्याइएको रकमको पनि ठूलो हिस्सा खर्च नहुने र चुहावट हुने गरेको छ। स्वास्थ्यसँग सम्बन्धित उपकरण र औषधि खरिद तथा संरचना निर्माणमा प्रचलित ऐन-कानुन नै अव्यावहारिक छन्। त्यस्तै निजी स्वास्थ संस्थालाई सहुलियत र सहजीकरण गर्दै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रको खर्च या लगानीमा केही प्रतिशत कर लगाउनु मनासिब नै हुन्छ।

सरकारले वार्षिक बजेटमै प्रत्येक करदाताको आम्दानीको स्रोतमै प्रगतिशील कर प्रणालीअनुसार केही प्रतिशत रकम स्वास्थका लागि 'अनिवार्य स्वास्थ्य कर' लगाउनुपर्छ।

यसबाहेक सुर्ती, मदिरादेखि प्रदूषणका कारक उद्योगमा पनि न्यूनतम स्वास्थ्य कर लगाउन सक्नुपर्छ।त्यसैले, तीन करोड नेपालीको स्वास्थ्यको जिम्मेवारी बोकेको स्वास्थ्य मन्त्रालयको नेतृत्वले सस्तो र तात्कालिक लोकप्रियताका लागि नभई दीर्घकालीन ठोस सुधारमा योगदान दिन सके इतिहासले उनकै प्रतिस्पर्धी पूर्ववर्तीको जस्तै उच्च मूल्यांकन गर्नेछ।-कान्तिपुर

# भुकम्प घटनामा

# एमाले कपिलवस्तुद्वारा दु:ख व्यक्त

कपिलवस्तु, १८ कात्तिक

नेकपा एमाले कपिलवस्तुले जाजरकोटमा भएको भुकम्प घटनामा दु:ख व्यक्त गरेको छ।

शुक्रवार राति जाजरकोटलाई केन्द्रविन्दु बनाएर गएको ६.४ मेग्निच्यूटको बिनासकारी भुकम्पबाट ठूलो जनधनको क्षती भएको प्रति नेकपा एमाले कपिलवस्तुले विज्ञप्ती मार्फत दु:ख व्यक्त गरेको हो।

जिल्ला अध्यक्ष डम्बर शर्माद्वारा हस्ताक्षर गरिएको विज्ञप्तीमा भनिएको छ, जाजरकोटलाई केन्द्रविन्दु बनाएर गएको ६.४ मेग्निच्यूटको बिनासकारी भुकम्पबाट ठूलो जनधनको क्षती भएको प्रति नेकपा (एमाले), कपिलवस्तु स्तब्ध एवं शोकाकूल भएको छ। भुकम्पमा परी ज्यान गुमाउनु हुने प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गदै शोक सन्तप्त परिवारजन, आफन्तजन प्रति गहिरो समवेदना प्रकट गर्दछौं।

भुकम्पमा परी घाइतेहुनुहुनेहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं। यस पिडादायी अवस्थामा प्रभावकारी, शिर्घ उपचार, राहतको ब्यवस्था गर्न नेपाल सरकार समक्ष आग्रह गर्दछौं । संवेदनशिल घडिमा उद्धार, सहयोग कार्यमा सक्रियपूर्वक जुटन सामाजिक संघ, संस्था, स्थानियबासी एवम् सबैपक्षसंग अपिल गर्दछौं। जारी विज्ञप्तीमा भनीएको छ।

नेकपा एमाले

# भूकम्प पीडितका लागि सुदूरपश्चिम सरकारले १ करोड




धनगढी, १८ कात्तिक

सुदूरपश्चिम प्रदेश सरकारले जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पका पीडितलाई एक करोड

शनिबार बिहान बसेको मन्त्रिपरिषद्को बैठकले भूकम्प प्रभावितहरूको राहतका लागि एक करोड रूपैयाँ दिने निर्णय गरेको मुख्यमन्त्री कमलबहादुर शाहले जानकारी दिए।

यस्तै सरकारले प्रभावित क्षेत्रमा २० जना स्वास्थ्यकर्मीको टोली पठाउने निर्णय पनि गरेको उनले बताए।

प्रदेश सरकारले भूकम्पमा परेर ज्यान गुमाउनेहरू प्रति श्रद्धाञ्जली व्यक्त गरेको छ भने घाइतेको शीघ्र स्वास्थ लाभको कामना गरेको छ।

# भुकम्प पीडितलाई कांग्रेसद्वारा ५० लाख सहयोग

हेटौंडा १८ कात्तिक

कांग्रेसले भूकम्पमा परेकाको उद्धार, राहत र पुनर्स्थापनाका लागि सरकारको कोषमा पचास लाख उपलब्ध गराउने निर्णय गरेको छ।

जाजरकोट जिल्लाको रामीडाँडा केन्द्रविन्दु भएर शुक्रबार राति ११:४७ मा गएको ६.४ म्याग्निच्युडको भूकम्पका कारण जाजरकोट र रुकुम पश्चिम लगायतका क्षेत्रमा ठूलो संख्यामा मानवीय क्षति, भौतिक क्षति र सयौं घाइते भएको घटनाले समस्त नेपालीलाई मर्माहत र दुखी बनाएको छ।

यस्तो समयमा सरकार, राजनैतिक दलहरु, संघ-संस्था सबै एक भएर यो विपत्तिको सामना गर्न कांग्रेसले सबैमा अपील समेत गरेको छ।

कांग्रेसका मुख्य सचिव कृष्णप्रसाद पौडेलले विज्ञप्ती जारी गर्दै उद्धार राहात तथा पुनस्थापनाको लागि ५० लाख रुपैयाँ उपलब्ध गराउने जानकारी दिएका हुन्।

विज्ञप्तीमा भनिएको छ 'स्वदेश तथा विदेशमा भएका सबैलाई तन, मत तथा धनको साथ खुल्ला हृदयले मानविय सेवाको अभियानमा जुटन आग्रह गर्दछ।'गए राती गएको भूकम्पको कारण जाजरकोट तथा रुकुम पश्चिममा करिब १ सय ३३ को ज्यान गएको छ भने सयौंको संख्यामा घाइते भएका छन्।

---

नियम ७ उपनियम २ संग सम्बधित लुम्बिनी प्रदेश कपिलवस्तु जिल्ला **कपिलवस्तु नगरपालिका** वार्ड नं. ७ मा कर्यान्वयन गरिने **डेक्सिन म्यानुफ्चरिङग नेपाल प्रा.लि** उद्योगको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिबेदन तयारि सम्बन्धि सुचना I

**सार्वजनिक सुचना (प्रकाशित मिति: २०८०/०७/१९ )**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगना | क) नाम: **डेक्सिन म्यानुफ्चरिङग नेपाल प्रा.लि**<br>ख) ठेगना: वडा नं.७ कपिलवस्तु नगरपालिका, कपिलबस्तु<br>फोन नं: 9842435800 |
| प्रस्तावको व्यहोरा | प्रस्तावित उद्योग क्षेत्रको विद्यमान भौतिक, रासायनिक, जैविक, सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणको आधारभूत अवस्था कस्तो छ पहिचान गर्ने र वातावरणमा सकारात्मक तथा नकारात्मक प्रभावहरुको पहिचान, आंकलन र मुल्यांकन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा/गा.पा | कार्यान्वयन हुने स्थान: वडा नं.७ कपिलवस्तु नगरपालिका, कपिलवस्तु |

माथि ऊल्लेखित प्रस्तावको वातावरणीय अध्ययन गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक पक्ष, जैविक पक्ष, रसायनिक पक्ष सामाजीक पक्ष, सांस्कृतिक पक्ष र आर्थिक पक्षहरुमा यकिन गर्न नगरपालिका तथा त्यस क्षेत्रको बिद्यालय, अस्पताल, स्वास्थ चौकी, तथा सरोकारवाला व्यति वा सस्थाको, लिखित राय सुझाव लिनको यो सार्वजनिक सुचना जारि गरिएको छ I यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सूचना टास भएको निकाय वा उद्योग विभाग वा वन तथा वातावरण मन्त्रालय वा निम्न ठेगनामा आई पुग्ने गरि लिखित राय सुझाव उपलव्ध गराई दिनु हुन अनुरोध गरिछ I

**राय सुझावको लागि पत्राचार गर्ने ठेगनाहरु:**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम: **डेक्सिन म्यानुफ्चरिङग नेपाल प्रा.लि**<br>ठेगना: वडा नं.७ कपिलवस्तु नगरपालिका, कपिलबस्तु<br>Email: rakesh_karna@dxn२u.com |
| परामशिदाताको नाम र ठेगाना | रिसर्च इन्जीनियरिङ एण्ड इन्भायरोमेन्ट कन्सल्ट प्रा.लि<br>Email: reec2077@gmail.com<br>सम्पर्क गर्ने व्यक्ति : माधव अधिकारी<br>९८५७०५३७१० |

---

Krishnanagar manicipality

## Office of Municipal Executive

Krishnanagar , Kapilvastu

Lumbini Province

## Invitation for online Bids

Date of first publication : 2080-07-19 (5 th Nov ,2023)

The krishnanagar Municipality, Office of the Municipal Executive, krishnanagar kapilvastu invites online bids under e-procurement system from eligible bidders for the procurement of following works. The bidders can visit the PPMO web side www.hhtp://bolptra.gov.np for the brief description with public entity name: Office of Municipal Executive Krishnanagar ,kapilvastu .

| S.N | Contract ID | Name of Projects | Estimated Amount (with out VAT & Contingencies) NRS | Bids Security (NRs.) | Bid Doc fee | Final Bid submission Date & Time | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | KNM/NCB/WORKS/BLD-02/080/081 | Construction of Pump House (Lohraula, Karma, Derwa, Motipur, Jharuwa, Ramwapur) | 3631604.82 | 90000.00 | 3000.00 | 05-12-2023 12:00 | |
| 2 | KNM/NCB/GOODS-04/2080/081 | Procurement of 25 KVA transformer and transportation up to specified location | 3658988.00 | 91000.00 | 3000.00 | 05-12-2023 12:00 | |
| 3 | KNM/NCB/WOORKS-01/2080/081 | Supply of submersible and other accessories with installation | 15778134.35 | 144000.00 | 3000.00 | 05-12-2023 12:00 | |

Ramesh Gautam
Chief Administrative Officer

महिला हिंसाको अन्त्य गरौं शून्य सहनशीलत कायम गरौं
अनुरोधक :-
कृष्णनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

सफासँग हात धोएर मात्र खाना खाने गरौं
अनुरोधक :-
कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरुप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
महाराजगञ्ज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगब्याधिबाट बचौं
अनुरोधक :-
बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरु पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं
अनुरोधक :-
बुद्धभूमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

खानेपानीका मुहानहरु सफा राखौं
अनुरोधक :-
शिवराज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कपिलवस्तु

पानी उमालेर पिउने गरौं
अनुरोधक :-
सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही

बाढी पहिरोको जोखिम स्थानमाबसेकाहरु समयमै सुरक्षित स्थानमा जाऔं
अनुरोधक :-
विजयनगर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

जथाभावी बाटो नकाटौं ,अकाल मृत्युबाट बचौं
अनुरोधक :-
मायादेवी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

पशुपंक्षीहरुलाई दाना,पानी दिने भाँडा नियमित रुपमा सफा गरौं
अनुरोधक :-
सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

चर्पीमा मात्रै दिसा पिसाव गरौं
अनुरोधक :-
सिद्धार्थनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भैरहवा, रुपन्देही

बालविवाह,बहुविवाह र अनमेल विवाहलाई प्रश्रय नदिऔं, स्वस्थ समाजको निमार्ण गरौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

आफ्नो घर र व्यवसायमा वालवालिकालाई श्रममा नलगाऔं , अरुलाई पनी बाल श्रम प्रयोग नगर्न सुचित गरौं
अनुरोधक :-
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

साँस्कृतिक धार्मिक र प्रकृतिक सम्पदाको रक्षा गरौं राष्ट्रिय स्वाभिमानको रक्षा गरौं
अनुरोधक :-
यशोधरा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कपिलवस्तु

अपाङ्गता भएका व्यक्तिहरुप्रतिको नकारात्मक सोच आजैदेखि अन्त्य गरौं
अनुरोधक :-
कञ्चन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

धुम्रपान र मद्यपानबाट टाढा रहौं,सुखी र स्वस्थ्य जीवन बिताऔं
अनुरोधक :-
शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची

रुख रापौं,वन जंगल जोगाऔं बाढी, पहिरोको जोखिम घटाऔं
अनुरोधक :-
बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भुमही,पश्चिम नवलपरासी

सवारी साधन चलाउदा र बाटो काट्दा नियमहरु पालना गरौ,आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं
अनुरोधक :-
गैडहवा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

# जनताको जिवनस्तर उकास्न सहकारीको योगदान छ : सांसद पन्थी

कपिलवस्तु १८ कात्तिक

साना किसानको समृद्धि कृषिको रुपान्तरण र उधमशिलताको बिकास भन्ने मूल नाराका साथ साना किसान कृषि सहकारी संस्था लिमिटेड वाणगंगा ९ भलवाडको २४औ वार्षिक साधारण सभा सम्पन्न गरेको छ।

सो सभामा लुम्बिनी प्रदेशका साँसद तथा कार्यक्रमका प्रमुख अतिथी बिष्णु पन्थीले जनताको जिवनस्तर उकास्न सहकारी सँस्थाले महत्वपूर्ण भूमिका खेलेको भन्दै सरकारको ३ खम्बे निति सरकारी,सहकारी र निजी मध्ये सहकारीको माध्यमबाट बिना भन्भन्फट किसानले वित्तिय सहयोग प्राप्त गरेको भन्दै भावी दिनमा साना किसान कृषि सहकारीले आफूलाई बैङकीक प्रणालीमा स्थापित गर्न सफल हुने कुरामा पन्थीले जोड दिएका थिए।



साना किसान बिकास बैक लघुवित्तीय संस्था बुटवलका प्रवन्धक गणेश भट्टराईले कृषि जन्य उधोगका लागि र वैदेशिक रोजगारमा जानेलाई सहुलियत दरमा कृषकलाई ऋण प्रवाह गरेको वताएका थिए।

त्यस्तै वाणगंगा नगरका कृषि शाखाका प्रमुख लेष बहादुर के सीले भलवाड कृषि सहकारी नगरकै अब्बल एबम महत्वपूर्ण सहकारीको रुपमा परिचित भएको बताउदै किसानले कृषिलाई ब्यावशायिक र प्रविधीकरणसंग जोडिनु पर्ने बताएका थिए।

कार्यक्रममा संस्थापक अध्यक्ष हरिराज घिमिरे,वडाध्यक्ष कमल पौडेल, प्रदेश कृषि सहकारी संघका सञ्चालक चुरामणि पोखेल लगायतले साधारण सभाको सफलताको शुभकामना दिएका थिए।

साधारण सभमा सँस्थामा उत्कृष्ट बिशेष वचतकर्ता, बाल वचतकर्ता,दैनिक वचतकर्ता,साप्ताहिक वचतकर्ता,जनहित वचतकर्ता,मुद्धति वचतकर्ता,समूह वचतकर्ता, असल ऋणि,असल कृषक, सक्रिय अन्तर समूह अगुवा,सामुदायिक विधालयबाट सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विधार्थी लगायतलाई खादा ओढाई नगदबाट सम्मानित गरेको थियो।

कार्यक्रममा सँस्थाका अध्यक्ष दिपक वस्नेतले सँस्थाको वार्षिक प्रगती प्रतिवेदन वाचन गरेका थिए भने प्रवन्धक मान कुमारी गिरीले आर्थिक वर्ष २०७९/०८०को २३ करोड ८२ लाख ४५ हजार बराबरको कारोबार भएको पेश गरेकी थिइन्।

कार्यकम संस्थाका अध्यक्ष दिपक वस्नेतको अध्यक्षता उपाध्यक्ष वसन्ती थापाको स्वागत प्रवन्धक मान कुमारी गिरीको सहजीकरणमा भएको थियो।यस सस्थामा कुल १ हजार ९ सय ५२ शेयर सदस्य आवद्ध रहेका छन।

# भुकम्प पिडितका लागि बाणगंगाले ५ लाख सहयोग

कपिलवस्तु १८ कात्तिक

वाणगंजा नगरपालिकाले जाजरकोट र रुकुमका भूकम्प प्रभावितलाई ५ लाख सहयोग गर्ने भएको छ। आज आकस्मिक रुपमा बसेको नगरको बैठकले भुकम्प पिडितहरुको लागि उक्त रकम सहयोग गर्ने बताएको हो।

त्यस्तै नगर प्रमुख चक्रपाणी अर्यालले जाजरकोट र रुकुम पश्चिममा भूकम्पबाट ज्यान गएकाप्रति श्रद्धाञ्जली तथा घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दै यस्तो मानविय सङ्कट लाई पार लगाउनको लागि विभिन्न संघ संस्था तथा सम्पुर्ण पक्षलाई सक्ने सहयोग गर्न पनि आग्रह गर्नुभएको छ।

आकस्मिक बैठकमा नगर प्रमुख चक्रपाणी अर्याल, उपप्रमुख रिता कुमारी चौधरी, प्रमुख प्रशासकिय अधिकृत, भक्तिराम मरासिनी, नगर प्रवक्ता तथा वडा नम्बर २ का वडा अध्यक्ष विष्णु प्रसाद पौडेल, अन्य वडाका वडा अध्यक्षहरुको उपस्थिती रहेको थियो।




## बालबालिकाको खानपानः अभिभावकले दिनु पर्छ ध्यान

- बालबालिकालाई उमेर अनुसार पौष्टिक खाना खुवाऔं,
- आवश्यकता अनुसारको खाना खाएपछि थप खानाका लागि करबल नगरौं,
- प्राकृतिक स्वाद जस्तैः घ्यू, मह, दूध तथा स्थानीय खानाहरुको स्वाद भएको खानेकुरा खुवाऔं,
- पत्रुखाना (जंकफूड) को प्रयोग नगरौं,
- बालबालिकालाई अभिभावकसँगै राखेर खाना खुवाऔं,
- बालबालिकाको दैनिक खाना खाने समय निर्धारण गरी सोही समयमा खाना खुवाउने गरौं,
- परिवारका सदस्य एवं बालबालिकाले खाना खाने समयमा मोबाईल तथा टि.भी.को प्रयोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# भूकम्प पीडितलाई आर्थिक सहयोग दिने क्यानको घोषणा

काठमाडौं, १८ कात्तिक

नेपाल क्रिकेट संघ (क्यान)ले आइतबार हुने नेपाल र ओमानबीचको खेलमा टिकट बिक्रीबाट संकलित भएको रकममध्ये ५० प्रतिशत भूकम्प पीडितलाई सहयोग गर्ने घोषणा गरेको छ।

शुक्रबार राति जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पका कारण अहिलेसम्म जाजरकोट र रुकुम पश्चिममा गरी १२९ जनाको मृत्यु भइसकेको छ भने १४० भन्दा बढी घाइते भएका छन्।

क्यानले भूकम्पमा परी ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली र घाइतेको स्वास्थ्य लाभको कामना गर्दै यस्तो घोषणा गरेको हो।

भोलि आइतबार टियु क्रिकेट मैदान कीर्तिपुरमा टी-२० विश्वकप एसिया क्षेत्र छनोट अन्तर्गत उपाधिका लागि नेपाल र ओमानबीच फाइनल खेल हुँदैछ।

खेलका लागि आएका दर्शकले काटेको टिकटको ५० प्रतिशत रकम भूकम्प पीडितका लागि सहायता गरिने क्यानले एक विज्ञप्ति जारी गर्दै जानकारी दिएको छ।

# भूकम्पका घाइतेका लागि रगत सङ्कलन




नेपालगञ्ज १८ कात्तिक

भूकम्पमा परी घाइते भएका रुकुमपश्चिम र जाजरकोटका घाइतेको उपचारका लागि नेपालगन्जमा ८० पिन्ट रगत सङ्कलन भएको छ।

गम्भीर घाइते भएकालाई नेपालगन्जस्थित भेरी अस्पताललगायत विभिन्न अस्पतालमा ल्याउन सुरु गरिएकाले रगतको अभाव हुन नदिन खुला रक्तदान कार्यक्रम सुरु गरिएको हो। नेपाल रेडक्रस सोसाइटी बाँकेका मन्त्री अजिज अहमद सिद्धिकीले दिनुभएको जानकारीअनुसार नेपालगन्जस्थित रक्तसञ्चार केन्द्रमा १५८ पिन्ट रगत मौज्दात रहे पनि इमरजेन्सी अवस्थाका लागि थप मौज्दात गर्न रगत सङ्कलन सुरु गरिएको हो।

सिद्धिकीले भेरी अस्पताल परिसरमा रहेको रक्तसञ्चार केन्द्रमा सुरु गरिएको खुला रक्तदानमा शनिबार ८० जनाले रक्तदान गरेर ८० पिन्ट रगत सङ्कलन भइसकेको र अझै रक्तदान जारी रहेको बताउनुभयो।

उहाँले बढीभन्दा बढी रगत सङ्कलन गर्न यो अभियानलाई आइतबार दिनभरि जारी राखिने बताउनुभयो।

# रोटरीको तेस्रो क्लव एसेम्बली

बुटवल, १८ कात्तिक

रोटरी क्लव अफ बुटवलको १४ सय ८५ औं नियमित बैठक एवं तेस्रो क्लव एसेम्बली शनिबार सम्पन्न भएको छ।

क्लवका अध्यक्ष करुण खनालको अध्यक्षतामा बसेको बैठकको एजेण्डा क्लव एसेम्बली रहेको थियो।

बैठकमा क्लवका सचिव तारानाथ भट्टराईले अघिल्लो बैठकका निर्णयहरुबारे जानकारी गराएका थिए।

बैठकमा एजी सुरज क्षेत्रीले क्लव एसेम्बली एजेण्डा अगाडि बढाएका थिए।




बैठकमा क्लव त्यस अवसरमा क्लवका एजी सुरज क्षेत्रीले रोटरी क्लव अफ बुटवलका विभिन्न कमिटीले गरेको काम प्रभावकारी रहेको भन्दै डिसेम्बरमा हुने डिजी भिजिटमा स्वास्थ्यलाभको कामना गरेको छ। त्यस्तै बैठकमा अध्यक्ष करुण खनालले भुकम्पप्रभमावित क्षेत्रमा क्लवको तर्फबाट छिटै नै राहत सामग्री पुऱ्याउने प्रतिवद्धता जनाएका थिए।




कमन नेपाल प्रा. लि.द्वारा प्रकाशित राष्ट्रिय दैनिक बुद्ध दर्पणका लागि प्रबन्ध निर्देशक : लक्ष्मण बेल्बासे, अतिथि सम्पादक : नारायणप्रसाद पौडेल, प्रधान सम्पादकः बसन्त गिरी,
सम्पादक : पार्वती पाण्डे, प्रबन्ध-सम्पादक : डिलाराम भुसाल, व्यवस्थापक : रामु पौडेल, कम्प्युटर सेटिङ्ग : सागर क्षेत्री
प्रधान कार्यालय : बाणगंगा नगरपालिका-४, कपिलवस्तु, फोन नं. ०७६-५५०२६०, फ्याक्सः ०७६-५५०२६०, प्रकाशन कार्यालय बुटवल उ.म.न.पा.-८ रुपन्देही , लुम्बिनी प्रदेश , ईमेलः buddhadarpan@gmail.com मुद्रणः कलर अफसेट प्रेस, बुटवल, रुपन्देही